जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ अंक:- २८ २०८२ साल भाद्र ३ मंगलवार (Aujust 19, 2025) पृष्ठ संख्या:- ४ मुल्य रु : ५।-

## पूर्वमुख्यमन्त्री दीर्घ सोडारीविरुद्धको भ्रष्टाचार मुद्दा: एक लाख धरौटीमा रिहा

बिगूल समाचार
३ भाद्र २०८२



डडेल्धुरा । सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री तथा एकीकृत समाजवादीका संसदीय दल नेता दीर्घ सोडारीविरुद्ध दायर भएको भ्रष्टाचार मुद्दामा विशेष अदालतले एक लाख रुपैयाँ धरौटी तोकेको छ।

विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीका अनुसार सोमबार अदालतमा उपस्थित भएका सोडारीमाथि थुनछेक बहस भएपछि धरौटी मागिएको हो । सोडारीले धरौटी बुझाएपछि उनी रिहा भएका हुन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत जेठ १० गते सोडारी विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो । आयोगको सोडारीले सार्वजनिक पदमा रहेर गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोप सहित मुद्दा दायर गरेको थियो ।

आरोपपत्रमा उल्लेख भएअनुसार, २०७४ माघ ७ गतेदेखि २०७९ फागुन १० गतेसम्मको अवधिमा सोडारी तथा उनका परिवार सदस्यले बैंक मौज्दात, पारिश्रमिक बचत, भ्रमण भत्ता, कृषि आय, श्रीमती र छोराछोरीको आय, आमाबुबाको सामाजिक सुरक्षा भत्ता र ब्याज आयमार्फत ८५ लाख ५१ हजार ३३४ रुपैयाँ वैधानिक आम्दानी गरेका देखिन्छ ।

तर सोही अवधिमा उनले जग्गा खरिद, घर निर्माण र सजावट, छोरीको अध्ययन, श्रीमती सञ्चालित उद्योगमा लगानी, बीमा प्रिमियम, निर्वाचन खर्च, छोराको विवाह खर्च, शेयर लगानी लगायतका शीर्षकमा एक करोड ९३ लाख ८९ हजार ६३७ रुपैयाँ बराबरको खर्च र लगानी गरेका देखिएको आयोगले जनाएको छ । यसरी कुल खर्च आम्दानीभन्दा एक करोड ८ लाख ३८ हजार ३०२ रुपैयाँ बढी भएकाले सो र कमको स्रोत पुष्टि गर्न नसकेको अख्तियारले दाबी गरेको हो ।

आयोगले सोडारीको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर भएको ठहर गर्दै मुद्दा दायर गरेको हो ।

सोडारी कैलालीबाट लगातार दुईपटक प्रदेशसभा सदस्यमा विजयी भएका छन् । अघिल्लो कार्यकालमा उनी सामाजिक विकासमन्त्री र भौतिक पूर्वाधार विकासमन्त्री बनेका थिए भने दोस्रो कार्यकालमा तीन महिनासम्म मुख्यमन्त्रीसमेत बनेका थिए ।

## उपेन्द्र यादवसहित मुछिएको गौर हत्याकाण्डको मुद्दा अघि बढाउन सर्वोच्चको परमादेश

बिगूल समाचार
३ भाद्र २०८२




काठमाडौं। सर्वोच्च अदालतले जनता समाजवादी नेपालका अध्यक्ष उपेन्द्र यादवसहित मुछिएको गौर हत्याकाण्डको मुद्दा अघि बढाउन परमादेश जारी गरेको छ । न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको इजलासले यो परमादेश जारी गरेको हो ।

यो आदेशसँगै २७ जनाको ज्यान गएको १९ वर्ष पुरानो गौर हत्याकाण्डको अनुसन्धान तथा अभियोजनको प्रक्रिया बढ्ने भएको छ । २०६३ चैत ७ गते रौतहटको गौरमा मधेसी जनअधिकार फोरम र तत्कालीन नेकपा माओवादीका कार्यकर्ताबीच झडप हुँदा २७ जना माओवादी कार्यकर्ता मारिएका थिए ।

राष्ट्रिय मानव अधिकार आयोगले १३० जनाविरुद्ध मुद्दा चलाउन सिफारिस गरिसकेको छ। तीमध्ये ६६ जनाविरुद्ध यसअघि नै जाहेरी परिसकेको छ भने बाँकीको नाम जाँबुझ आयोगले किटान गरेको छ । मधेसी जनअधिकार फोरम उपेन्द्र यादवले गठन गरेका थिए। उक्त घटनापछि यादव पटक-पटक मन्त्री र सांसद भइसकेका छन् ।

यस घटनालाई राजनीतिक तहमै सामसुम पार्नका लागि विभिन्न चरणमा वार्ता र सम्झौताहरू गरिएका छन् । उक्त घटनाका मृतकलाई सहिद घोषणा गरिएको छ । गौर हत्याकाण्डमा तत्कालीन मधेसी जनअधिकार फोरमका नेता एवम पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव, पूर्वसभासद बबन सिंह, मधेस प्रदेशसभाका पूर्वसांसद बाबुलाल साहलगायत ११३ जना जोडिएका छन् ।

## डडेल्धुरामा ९० मिलिग्राम खैरो हिरोइन सहित दुई युवक पक्राउ

बिगूल समाचार
३ भाद्र २०८२




डडेल्धुरा । डडेल्धुराको अमरगढी नगरपालिका-५ बागबजारस्थित भैरव नवदुर्गा सुनचाँदी पसलभित्र लागूऔषध सेवन गरिरहेको अवस्थामा दुई युवक पक्राउ परेका छन् ।

गोप्य सूचनाका आधारमा प्रहरीले सोमबार बेलुकी चेकजाँच गर्दा पसल सञ्चालक नवदुर्गा गाउँपालिका १ बस्ने २४ वर्षीय सागर सिजापति र त्यही ठाउँका २१ वर्षीय डार्बिन रावललाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय डडेल्धुराले जनाएको छ ।

उनीहरूको साथबाट करिब ९० मिलिग्राम खैरो हिरोइन जस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ ।

दुवै जनालाई आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुराले नियन्त्रणमा राखेको छ ।

गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडाल, डडेल्धुरा

जनहितमा जारी सन्देश

भू-क्षयले जमिन नाङ्गो बनाउँछ, उर्वरता घटाउँछ र बस्ती जोखिममा पार्छ।
आउनुहोस्, वृक्षारोपण र उचित भूमि व्यवस्थापन गरी यसलाई रोकौं,
भावी पुस्ताका लागि धर्ती जोगाऔं।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
भू तथा जलाधार व्यवस्थापन कार्यालय डडेल्धुरा

अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

## सम्पादकीय

### फेसबुकका हजारौं साथी छन् तर साथमा कोही छैन !

कहिले काही त  यस्तो लाग्छ मानव भएर पनि मानब बिहिन समाजमा कतै हामी हुर्किरहेको त छैन । वर्षौ पहिले माक्सले हाम्रो समाजको परिकल्पना गरेका थिए जव मानबले श्रम गर्न छाड्छ औद्योगिक क्रान्ति हुन्छ । तब मानबमाथि प्रविधिले राज गर्ने छ  भनेर  आज हामी त्यहाँ नै पुगेका छौ ।  हिजो आज होटल चिया पसल र चौतारामा समाज वनाउने कुरा हुदैन्न बरू सबै आफ्नै धुनमा हुन्छन्  फेसबुक, टिकटक, युट्युब, इन्स्टाग्राम र फ्रिफायर जस्ता विभिन्न डिजिटल प्लेटफर्ममा दिनभर  व्यस्त हुन्छन् ।  व्यस्त पनि यति हुन्छन् की विहान बसेको मान्छे साझ कतिवेला भयो भन्ने सम्म पनि थाहा हुँदैन ।

हामीहरु विभिन्न मान्छेसंग सामाजिक संञ्जालमा घन्टौ विताउछौ र सुचना आदानप्रदान पनि गर्छौ तर आफुसंग चौतारामा बसेको मन्छे कतिबेला हरायो कतिबेला कहाँ गयो भन्ने सम्म पनि थाहा हुँदैन । प्रविधिले हामीलाई धेरै निक बनाएको छ हामीले फेसबुकमा हजारौं साथी बनाएका छौं, तर एक-अर्काको सुखदु:खमा साथ दिन सक्ने वास्तविक साथीहरू भने कमै छन् । यो डिजिटल दुनियाँले मानिसहरूलाई एक किसिमको भ्रममा बाँधेको छ । सामाजिक सञ्जालमा सबैले आफ्नो जीवनको राम्रो पक्ष मात्र देखाउँछन् । धेरै लाइक र कमेन्ट पाउँदा हामीलाई खुसी लाग्छ, तर जब हामी अरूको परिपूर्ण जीवन देख्छौं, हामीलाई आफ्नो जीवन अपूर्ण लाग्न सक्छ । यसले गर्दा धेरै मानिसहरूमा निराशा र आत्मग्लानि बढिरहेको छ ।

अनलाइन गेम र डिजिटल जुवाको कुरा पनि कम डर लाग्दो छैन । आजका युवाहरू र बालबालिकाहरू पनि यसमा फसेका छन् । खेलमा हारजितको मानसिक तनाव र पैसाको लोभले उनीहरूलाई निराशा र डिप्रेसनतर्फ धकेलेको छ । अनलाइन गेमको लतले आत्महत्यासम्मको दु:खद घटनाहरू हाम्रो समाजमा बढिरहेका छन् । हालैका दिनहरूमा, धेरै युवाले अनलाइन गेम खेल्दा धेरै पैसा गुमाएर वा मानसिक तनाव सहन नसकेर आफ्नो जीवन समाप्त पारेका उदाहरणहरू हामीले देखेका छौं ।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने, यो समस्या अझ गहिरो छ । यहाँका धेरै युवाहरू काम र अवसरको खोजीमा विदेशिएका छन् । जो नेपालमै छन्, उनीहरू पनि डिजिटल दुनियाँको प्रभावबाट अछूत छैनन् । घरमा बुबाआमा र बालबालिकाहरू एकअर्काबाट टाढा भएर मोबाइलमा झुण्डिएका छन् । शहरदेखि गाउँसम्म, सबैको हातमा स्मार्टफोन पुगेको छ, तर हृदयहरू एक-अर्काबाट टाढा भइरहेका छन् ।


यो प्रविधिको विकासको साथसाथै, हामीले यो पनि बुझ्नुपर्छ कि यसलाई कसरी प्रयोग गर्ने । प्रविधिले हामीलाई सुविधा दिएको छ, तर यसले हाम्रो सम्बन्ध र भावनालाई खत्तम पार्न दिनु हुँदैन । हामीले यो कुरामा विशेष ध्यान दिनुपर्छ कि हामी मानव हौं  हामीलाई डिजिटल संसारभन्दा पनि वास्तविक संसारमा एक-अर्काको साथ चाहिन्छ । हामीले परिवार र साथीहरूसँग समय बिताउनुपर्छ, डिजिटल जुवा र अनलाइन गेमको लतबाट जोगिनुपर्छ र प्रविधिलाई आफ्नो जीवनको अभिन्न अंग बनाउनुको सट्टा यसलाई एउटा औजारको रूपमा मात्र प्रयोग गर्नुपर्छ । प्रविधिले हामीलाई एकाग्रह बनाउन होइन, बरु हामीलाई अझ बढी एक-अर्कासँग जोड्न मद्दत गर्नुपर्छ ।  प्रविधिको अन्धो दौडमा हामीले आफ्नो मानवता र आपसी सम्बन्धको महत्त्व बिर्सनु हुँदैन आफ्नो अस्तित्व आफै जोगाउनु पर्छ ।

यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५  दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. १० को कार्यालय
डडेल्धुरा

# प्रजननदर बढाउने ओलीको आग्रह : कति सही, कति गलत ?

**नेपालमा महिलाहरू शिक्षा, रोजगारी र राजनीति तथा अन्य सामाजिक आर्थिक क्षेत्रमा नेतृत्वमा अघि बढिरहेका छन् । आ-आनो क्षेत्रमा महत्वपूर्ण भूमिका निभाइरहेका छन् । तर २० वर्षमै विवाह, ३० वर्षभित्र ३ बच्चा भन्ने आग्रहले यी अवसरहरू खोस्छन् । बालविवाहलाई अप्रत्यक्ष वैधता दिन्छ । र, लैंगिक असमानता गहिर्याउँछ ।**





दिनेश रायमाझी

प्रधानमन्त्री केपी शर्मा ओलीले हालै एक सार्वजनिक कार्यक्रममा युवाहरूलाई २० वर्षमै विवाह गरेर ३० वर्षभित्र २-३ बच्चा जन्माउन आग्रह गरेका थिए । यो भनाइले नेपालको घट्दो प्रजनन दरप्रति उनमा गहिरो चिन्ता रहेको छ प्रष्ट बुझिन्छ । उनले यसलाई राष्ट्रिय दायित्व र नागरिकको कर्तव्यको रूपमा चित्रण गर्दै युवाहरूलाई देशको जनसंख्या सन्तुलनमा योगदान दिन आह्वान गरेका छन् । ओलीको यो आग्रहले समाजमा ठुलो बहस सिर्जना गरेको छ । एकातिर यो राष्ट्रिय विकास र जनसांख्यिकीय सन्तुलनसँग जोडिएको विषय हो भने अर्कोतिर यसले व्यक्तिगत स्वतन्त्रता, स्वास्थ्य जोखिम र सामाजिक न्यायका मुद्दाहरू उठाएको छ । यहाँ प्रश्न उठ्छ कि के यस्तो आग्रह वैज्ञानिक आधारमा खडा छ ? के यो व्यावहारिक रूपमा लागू गर्न सकिन्छ ? र सामाजिक तथा लैंगिक दृष्टिकोणबाट हेर्दा यो कत्तिको उपयुक्त छ ?

यसलाई गहिरो रूपमा विश्लेषण गर्दा प्रष्ट हुन्छ कि ओलीको भनाइले अल्पकालीन रूपमा भावनात्मक सन्देश दिन सक्छ, यसले राष्ट्रप्रेम र नागरिक दायित्वको भावना जगाउन पनि सक्ला । तर दीर्घकालीन हिसाबले यस्तो कुराले जनसांख्यिकीय असन्तुलन, महिलामा स्वास्थ्य समस्याहरू, आर्थिक बोझ, लैंगिक असमानता र पर्यावरणीय सन्तुलनमा गम्भीर नकारात्मक असर पार्न सक्छ । यो आग्रहले व्यक्तिगत छनोटलाई राष्ट्रिय निर्देशनमा परिणत गर्ने प्रयास गरेको जस्तो देखिन्छ, जुन आधुनिक समाजको मूल्य-मान्यतासँग मेल खाँदैन ।

जनसंख्या नीति कुनै पनि राष्ट्रको विकासको आधारस्तम्भ हो । यो नीतिले जनसंख्याको वृद्धि, नियन्त्रण र सन्तुलनलाई निर्देशित गर्छ, जसले राष्ट्रको आर्थिक, सामाजिक र पर्यावरणीय दिगोपनमा प्रत्यक्ष प्रभाव पार्छ । जनसंख्या नियन्त्रण वा वृद्धिबारेको बहस प्राय: व्यक्तिगत स्वतन्त्रता, परिवार नियोजन र राष्ट्रको दिगो विकाससँग जोडिएको हुन्छ । ओलीको भनाइले भने प्रजननलाई 'नागरिक कर्तव्य' बनाउने दृष्टिकोण प्रस्तुत गरेको छ, जसले जनसंख्यालाई केबल स्रोतको रूपमा मात्रै हेर्छ ।

जनसांख्यिकी सिद्धान्तका अनुसार यस्तो दृष्टिकोण पूर्णरूपमा गलत छ, बेठिक छ । उदाहरणका लागि १८औं शताब्दीका अर्थशास्त्री थोमस माल्थसको सिद्धान्तले जनसंख्या वृद्धि ज्यामितीय गतिमा (जस्तै २, ४, ८, १६) हुन्छ भने खाद्यान्न उत्पादन अंकगणितीय गतिमा (१, २, ३, ४) को गतिमा बढ्छ भन्ने तर्क गर्छ । यस सिद्धान्तअनुसार, जुनसुकै स्रोतहरू सीमित नै रहेका हुन्छन् । जनसंख्या तीव्र गतिमा बढ्दा अभाव, भोकमरी, रोग र सामाजिक असमानता बढ्छ । माल्थसले यो असन्तुलनले युद्ध, महामारी वा प्राकृतिक विपत्तिमार्फत जनसंख्या नियन्त्रण हुने भविष्यवाणी गरेका थिए ।

नेपालको सन्दर्भमा यो सिद्धान्त अझ प्रासंगिक छ । नेपालको आजको जनसंख्या लगभग ३ करोडको हाराहारीमा रहेको छ, आधाभन्दा बढी जनसंख्या कृषिमा निर्भर छ । तर कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २५ प्रतिशतभन्दा कम छ । जलवायु परिवर्तनले, जमिनको विखण्डीकरणले थप चुनौती थपिरहेको छ । यदि प्रजननदर कृत्रिम रूपमा बढाइयो भने, रोजगारीको संकट थप गहिरिनेछ, भूमिको विभाजन बढ्न जाने छ र खाद्यान्नको अभाव पनि थप चर्किनेछ । यस्तो हुन गयो भने सामाजिक अस्थिरता झन् फैलिनेछ । यसले गरिबीको चक्रलाई थप मजबुत बनाउनेछ, जसबाट उम्कन दशकौं लाग्न सक्छ ।

नेपालको भूगोल पहाडी र हिमाली भएकोले स्रोतहरूको वितरण असमान छ, जसले उच्च जनसंख्या वृद्धिले क्षेत्रीय असन्तुलन निम्त्याउन सक्छ । नेपालको प्रजनन दर अहिले करिब १.८ छ, जुन प्रतिस्थापन तहभन्दा तल छ । प्रतिस्थापन तह भनेको २.१ हो, जसमा जनसंख्या स्थिर रहन्छ । तर यो दर बिस्तारै घट्दै गएको छ, जुन सकारात्मक संकेत हो । किनभने यो अवस्था जनसांख्यिकीय संक्रमण सिद्धान्तअनुसार प्राकृतिक प्रक्रिया हो ।

यो सिद्धान्तले जनसंख्याको विकासलाई ४ चरणमा विभाजित गर्छ । पहिलो चरणमा जन्मदर र मृत्युदर दुवै उच्च हुन्छन् । दोस्रोमा मृत्युदर घट्छ, तर जन्मदर उच्च रहन्छ । तेस्रोमा जन्मदर पनि घट्छ र मृत्यु दर पनि कम हुन्छ । चौथोमा दुवै दर कम हुन्छन् । नेपाल हाल तेस्रो चरणमा छ, जहाँ जन्मदर घट्दै जान्छ र मृत्यु दर पनि कम हुन्छ । यसले कार्यशील उमेर (१५-६४ वर्ष) को जनसंख्या बढाउँछ, जसलाई 'जनसांख्यिक लाभ' भनिन्छ । यो लाभले आर्थिक विकासको सुनौलो अवसर प्रदान गर्छ, जसमा कार्यशील जनसंख्याले उत्पादन बढाउँछ र आश्रित जनसंख्या (बालबालिका र वृद्ध) कम हुन्छ ।

यदि सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी र प्रविधिमा पर्याप्त लगानी गर्यो भने यही कार्यशील जनसंख्या दीर्घकालीन विकासको आधार बन्न सक्छ । उदाहरणका लागि, पूर्वी एसियाली देशहरू जस्तै दक्षिण कोरिया र सिंगापुरले यो लाभलाई सदुपयोग गरेर आर्थिक चमत्कार गरेका छन् । तर ओलीको आग्रहले भने यो लाभलाई उल्ट्याएर भविष्यमा स्रोत संकट निम्त्याउने सम्भावनालाई बढाउँछ । उच्च प्रजनन दरले बालबालिका बढाउँछ, जसले शिक्षा र स्वास्थ्यमा थप बोझ थप्छ र कार्यशील जनसंख्याको अनुपात घटाउँछ । यसले नेपाललाई जनसांख्यिकीय जालमा फसाउन सक्छ, जसबाट उम्कन धेरै कठिन हुन्छ ।

स्वास्थ्य विज्ञानका दृष्टिले पनि ओलीको भनाइ पूर्ण रूपमा व्यावहारिक छैन । विश्व स्वास्थ्य संगठनले २० वर्षभन्दा कम उमेरमा गर्भधारण गर्ने कुरालाई उच्च जोखिमको रूपमा वर्गीकरण गरेको छ । नेपालमा बालविवाह अझै पनि व्यापक छ । यसले किशोरीहरूलाई जोखिममा पार्छ । कम उमेरमै गर्भधारणले मातृ मृत्युदर बढाउँछ । कम उमेरमा विवाह गरी कम उमेरमै गर्भ धारण गर्दा गर्भपात हुने, रक्तअल्पताको सिकार हुने, समयपूर्व नै शिशुको जन्म हुने र नवजात शिशुको मृत्यु हुने सम्भावनालाई पनि बढाउछ ।

किशोरीहरूको शरीर पूर्ण विकसित नभएकोले गर्भावस्थामा जटिलताहरू बढी हुन्छन्, जस्तै उच्च रक्तचाप, संक्रमण र प्रसव पीडा । यसले मानसिक स्वास्थ्यमा समेत गम्भीर असर पार्छ । यसले तनाव, डिप्रेसन र आत्महत्याको जोखिमलाई बढाउँछ । साथै, कम उमेरमा विवाह गर्दा महिलाहरूले आफ्नो शिक्षा पूरा गर्न सक्दैनन् र उनीहरूको सामाजिक र आर्थिक अवसर गुम्न जान्छ । नेपालमा किशोरी आमा बन्नेहरूमा डिप्रेसनको दर उच्च रहेको पाइएको छ, जसले परिवारको समग्र स्वास्थ्य प्रभावित गर्छ । ओलीको भनाइले स्वास्थ्य सुरक्षालाई पूर्ण रूपमा बेवास्ता गरेको छ । यसको सट्टा बरु परिवार नियोजन शिक्षा र देशको स्वास्थ्य सेवालाई थप मजबुत बनाउनु आवश्यक छ । किनभने यसले सुरक्षित गर्भावस्थाको सुनिश्चितता प्रदान गर्छ ।

महिलावादी दृष्टिकोणबाट हेर्दा ओलीको भनाइ अझ बढी समस्याग्रस्त देखिन्छ । महिलाको अस्तित्वलाई प्रजननसँग मात्र जोड्नु पुरुषवादी सोचको स्पष्ट परिणाम हो । फ्रान्सेली दार्शनिक सिमोन द बोभोआरले आफ्नो पुस्तक 'द सेकेन्ड सेक्स' मा महिलाको स्वतन्त्रता आत्मनिर्णय र व्यक्तिगत छनोटमा आधारित हुनुपर्ने कुरा जोड दिएकी थिइन् । उनले महिलालाई 'अन्य' को रूपमा चित्रण गर्ने सामाजिक संरचनालाई चुनौती दिएकी थिइन् । तर ओलीको भनाइले महिलालाई बच्चा उत्पादन गर्ने साधनझैं चित्रण गर्छ, जसले उनीहरूको पहिचानलाई सीमित गर्छ ।

नेपालमा महिलाहरू शिक्षा, रोजगारी र राजनीति तथा अन्य सामाजिक आर्थिक क्षेत्रमा नेतृत्वमा अघि बढिरहेका छन् । आ-आफ्नो क्षेत्रमा महत्वपूर्ण भूमिका निभाइरहेका छन् । तर '२० वर्षमै विवाह, ३० वर्षभित्र ३ बच्चा' भन्ने आग्रहले यी अवसरहरू खोस्छन् । बालविवाहलाई अप्रत्यक्ष वैधता दिन्छ । र लैंगिक असमानता गहिर्याउँछ । नेपालमा बालविवाह दर अझै ३७ प्रतिशत छ । यसले महिलाको शिक्षा र स्वास्थ्यमा असर पार्छ ।

महिलाले कुन उमेरमा विवाह गर्ने वा कतिजना बच्चा जन्माउने भन्ने अधिकार पूर्णत: व्यक्तिगत निर्णय हो र महिलाको निर्णय हो । यसमा परिवार, समाज र राज्यको हस्तक्षेप न्यून हुनुपर्छ । यसलाई राष्ट्रिय दायित्वको रूपमा व्याख्या गर्नु महिलाको अधिकारमाथि आघात हो । यसले लैंगिक हिंसा र असमानतालाई मलजल प्रदान गर्छ । यस्तो आग्रह भनेको पितृसत्ताको निरन्तरता चाहानु हो । यसले महिलालाई घरेलु भूमिकामा सीमित राख्छ ।

आर्थिक दृष्टिकोणले पनि ओलीको भनाइ अव्यावहारिक छ । नोबेल विजेता अर्थशास्त्री ग्यारी बेकरका अनुसार शिक्षा, स्वास्थ्य र दक्षता नै आर्थिक विकासको मूल आधार हो । यो सिद्धान्तले मानव पुँजीलाई लगानीको रूपमा हेर्छ, जसले उत्पादकत्व बढाउँछ । तर यदि महिलाले कम उमेरमै विवाह गरेर बच्चा जन्माउने परिपाटीलाई प्रोत्साहन गरियो भने उनीहरूको शिक्षा अधुरो रहन्छ, जसले दीर्घकालीन रूपमा महिलालाई कामबाट टाढा राखी उत्पादकत्व घटाउँछ र मानव पुँजीमा क्षति पुर्याउँछ ।

यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५  दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. १२ को कार्यालय
डडेल्धुरा

# लाल बिगूल राष्ट्रिय दैनिक

२०८२ साल भाद्र ३ मंगलवार

सुचना/समाचार




## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

## कति सही, कति गलत ? ...............

नेपालमा युवा बेरोजगारी दर २०.८ प्रतिशत भन्दा बढी छ, जसमा युवतीहरूको हिस्सा अधिक छ। यस्तो अवस्थामा जनसंख्या तीव्र गतिमा बढ्दा रोजगारी सिर्जनाको चुनौती झन् बढेर जान सक्छ। यसले गरिबी, असमानता र सामाजिक असन्तोषलाई गहिर्याउँछ । नेपालमा हाल कार्यशील जनसंख्या बढी भएको कारण आर्थिक विकासको अवसर पाएको छ, जसलाई जनसांख्यिकीय लाभांश भनिन्छ ।

जनसांख्यिकीय लाभांशलाई सदुपयोग गर्नुको सट्टा पुनः उच्च प्रजनन दर बढाउने हो भने, आश्रित जनसंख्या बढ्न गई र आर्थिक बोझ थपिन जान्छ । उदाहरणका लागि, बढ्दो जनसंख्याले शिक्षा र स्वास्थ्य बजेटमा दबाब बढाउँछ, जसले गुणस्तर घटाउँछ । यसले आर्थिक वृद्धिदरलाई प्रभावित गर्छ र नेपाललाई मध्यम आयको देश बन्नबाट रोक्छ ।

जनसंख्या वृद्धिले पर्यावरणीय असर पनि बढाउँछ । नेपालजस्तो संवेदनशील भूगोल भएको देशमा उच्च जनसंख्याले वन विनाश, माटो कटान, बाढीपहिरो र जलस्रोतको संकटलाई बढाउँछ । जलवायु परिवर्तनले नेपाललाई पहिल्यै प्रभावित गरिरहेको छ। जस्तै हिमाली क्षेत्रमा हिमनदी पग्लिने र तराईमा बाढी बढ्ने सिलसिला सुरु भइसकेको छ । यदि जनसंख्या कृत्रिम रूपमा बढाइयो भने यो चुनौती झन् गहिरिनेछ। संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यले पनि जनसंख्या नियन्त्रणलाई पर्यावरणीय संरक्षणसँग जोडेको छ, विशेष गरी जलवायु कार्य र भूमि जीवन ।

उच्च जनसंख्याले कार्बन उत्सर्जन बढाउँछ र जैविक विविधता घटाउँछ, जसले नेपालको पर्यटन र कृषिमा असर पार्छ। यसैले प्रजनन दर बढाउने होइन कि दिगो विकासमा जोड दिने नीति नेपाललाई बढी उपयुक्त हुन्छ जसमा हरित ऊर्जा, वन संरक्षण र जलवायु अनुकूलन समावेश हुन्छन्। अन्तर्राष्ट्रिय अनुभवले पनि यसलाई पुष्टि गर्छ । चीनले जनसंख्या नियन्त्रणका लागि एक बच्चा नीति लागू गरेको थियो, जसले जनसंख्या वृद्धि रोके पनि लैंगिक असन्तुलन निम्त्यायो । पछि नीति शिथिल भए पनि नागरिकहरूले धेरै बच्चा जन्माउन रुचि देखाएनन्, किनकी शिक्षा र जीवनशैली परिवर्तनले प्रजनन दर घटाएको थियो ।

जापान र दक्षिण कोरियामा जनसंख्या वृद्धिको दर घटेको छ, जसलाई सरकारले प्रजनन प्रोत्साहनका लागि ठुलो लगानी (जस्तै बच्चा भत्ता र छुट्टी) गर्दा पनि उल्लेखनीय परिणाम आएको छैन । युरोपेली मुलुकहरू जस्तै जर्मनी र इटालीले जन्मदर घट्नुलाई संकट होइन, स्थायित्वको हिस्सा मानेका छन् र आप्रवासन तथा प्रविधिमार्फत सन्तुलन कायम गरेका छन् । यी अनुभवहरूले देखाउँछन् कि प्रजनन दर सामाजिक संरचना, शिक्षा, रोजगार र जीवनशैलीसँग सम्बन्धित हुन्छ । राजनीतिक निर्देशनबाट मात्र यो गर्न सकिन्न । नेपालले यीबाट सिकेर आफ्नो नीति बनाउनुपर्छ । त्यसैले, ओलीको आग्रहको सट्टा नेपालले शिक्षा, स्वास्थ्य र रोजगारीमा लगानी गरेर गुणस्तरीय जनसंख्या निर्माणमा ध्यान दिनुपर्छ। बालविवाह नियन्त्रणका लागि कडा कानुन लागू गर्नु परिवार नियोजन कार्यक्रम विस्तार गर्नु प्रजनन शिक्षा स्कुलमा समावेश गर्नु र स्वास्थ्य सेवालाई ग्रामीण क्षेत्रमा पुर्याउनु आवश्यक छ ।

महिलाको आत्मनिर्णयको अधिकार सुनिश्चित गर्न लैंगिक समानता प्रवर्द्धन गर्नुपर्छ, जसमा रोजगारी अवसर र नेतृत्व विकास समावेश हुन्छन्। साथै, युवा बेरोजगारी घटाउने रणनीति जस्तै उद्यमशीलता प्रशिक्षण र वातावरणमैत्री विकास नीतिहरू अपनाउनु अपरिहार्य हुन्छ, जसले दिगो विकास सुनिश्चित गर्छ ।

**निष्कर्ष**

प्रजनन दर बढाउने प्रधानमन्त्री ओलीको आग्रह सैद्धान्तिक, स्वास्थ्य विज्ञान, आर्थिक नीति, लैंगिक र पर्यावरणीय दृष्टिले पुरै अव्यावहारिक छ । यसले व्यक्तिगत स्वतन्त्रता र महिलाको अधिकारमाथि अनावश्यक हस्तक्षेप गर्छ। अल्पकालीन राजनीतिक चर्चा त सम्भवतः यसले ल्याउन सक्छ । तर दीर्घकालीन हिसाबले यसल बेरोजगारी, गरिबी, लैंगिक असमानता र वातावरणीय संकटलाई मात्र बढाउनेछ । नेपालको हित भनेको शिक्षा, स्वास्थ्य, रोजगारी र दिगो विकासमा लगानी गरेर गुणस्तरीय जनसंख्या निर्माण गर्नु हो, कृत्रिम रूपमा प्रजनन दर बढाउनु होइन ।


## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**



## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।


**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

# ३ वर्षभित्र सबै किसानलाई किसान परिचयपत्र दिने सरकारको तयारी

बिगूल समाचार
३ भाद्र २०८२

सरकारले कृषि क्षेत्रलाई आत्मनिर्भर र थप व्यवस्थित गर्ने लक्ष्यका साथ किसान पहिचान र वर्गीकरणका आधारमा किसान परिचयपत्रको व्यवस्था गर्ने भएको छ। आउँदो तीन वर्षभित्र सबै किसानलाई परिचयत्र दिने सरकारको दाबी छ । त्यसका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र प्रदेशको कृषिक्षेत्र हेर्ने मन्त्रालय र पालिकाले आवश्यक काम गर्नेछन् ।

खाद्य प्रणाली विविधीकरण, पाककलामा अन्वेषण र उच्च मूल्यको औद्योगिक बाली प्रशोधन सम्बन्धी उद्योगको प्रवर्द्धन गर्ने सरकारको लक्ष्य छ । राष्ट्रिय योजना आयोगले तयार पारेको पाँचवर्षे खाद्य प्रणाली रुपान्तरणको रणनीतिक योजनामा कृषि क्षेत्रलाई व्यावसायिक बनाउने, आत्मनिर्भर हुने र औद्योगिकीकरण गर्ने विषयलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।



यो रणनीतिको सोच समतामूलक, उत्थानशील र दिगो खाद्य प्रणालीको विकास गर्ने रहेको छ । सबैका लागि स्वच्छ तथा पोषणयुक्त खाद्य पहुँच सुनिश्चित गर्ने, दिगो उपभोग पद्धति अवलम्बन गर्ने, प्रकृतिमैत्री उत्पादन प्रणाली अनुशरण गर्ने, समन्यायिक जीविकोपार्जनको अवस्थामा बढोत्तरी गर्ने, विपद् तथा जोखिम विरुद्ध उत्थानशील खाद्यप्रणाली निर्माण गर्ने, खाद्य सुशासन तथा रुपान्तरणका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐनको प्रभावकारी कार्यान्वयन गर्ने रणनीतिको लक्ष्य छ ।

साना तथा व्यावसायिक किसानको उद्यमशीलता र सीप विकास मार्फत आम्दानी बढाउने र जीविकोपार्जनमा सुधार गर्ने, उत्थानशील खाद्य प्रणाली तथा सङ्कटको सामाना गर्न सक्ने समुदायको विकास गर्न लगानीको दीर्घकालीन लगानीको प्रवर्द्धन गर्ने, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐनअनुरुप रणनीति र कार्यनीति विकास गरी सङ्घीय संरचनाका तीनै तहमा खाद्य सुशासन सुनिश्चित गर्ने रणनीतिको उद्देश्य छ। तीनै तहका सरकारबाट भू-उपयोय योजना तयार एवम् कार्यान्वयन गरिने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । मललाई अत्यावश्यक पदार्थका रूपमा कायम गरी रासायनिक मल खरिद प्रक्रियालाई सरल बनाउने विषयलाई रणनीतिमा प्रमुखताका साथ समेटिएको छ ।

# कैलाली र कञ्चनपुरमा भारतबाट भन्सार छली गरेर ल्याएका समान बरामद

बिगूल समाचार
३ भाद्र २०८२



डडेल्धुरा । भारतबाट भन्सार छलिगरी ल्याइएका सामानहरू कैलाली र कञ्चनपुरका विभिन्न स्थानमा प्रहरीले छापा मारेर बरामद गरेको छ ।

कैलालीको भजनी नगरपालिका-५ कालापातल तथा पगियापसार कालिका मन्दिर नजिक प्रहरीले बेवारिसे अवस्थामा सामान बरामद गरेको हो। इलाका प्रहरी कार्यालय पृथ्वीपुरबाट खटिएको गस्ती टोलीले करिब रु. १ लाख ७३ हजार ५ सय बराबरका कीटनाशक औषधि, एउटा साइकल लगायतका सामान नियन्त्रणमा लिएको जनाएको छ ।

त्यसैगरी कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका-११ गड्डाचौकी र बेलौरी नगरपालिका-६ भुराकोट क्षेत्रमा समेत प्रहरीले भन्सार छलि गरिएका सामान फेला पारेको छ। जिल्ला प्रहरी कार्यालय कञ्चनपुर मातहतका गस्ती टोलीले करिब रु. २ लाख ३४ हजार बराबरका प्याज, पेय पदार्थ, कपडा, हार्डवेयर तथा किराना सामान नियन्त्रणमा लिएको जनाएको छ । बरामद गरिएका सबै सामानहरू आवश्यक कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।


## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

वन क्षेत्रमा अवैध रुपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपूर, डडेल्धुरा


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगुल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा